# स्थानीय राजपत्र


ज्वालामुखी गाउँपालिका, धादिङद्वारा प्रकाशित

| खण्ड ६ | संख्या ३ | मितिः २०७९/०५/३० |
|---|---|---|


## भाग–२

**ज्वालामुखी गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ को उपदफा (२) बमोजिमको ज्वालामूखी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरीएको छ।

सम्वत् २०७९ सालको कार्यविधि संख्या ३

# एक वडा एक स्वास्थ्यकर्मी कार्यक्रम संचालन कार्यविधि, २०७९

**प्रस्तावनाः**

ज्वालामूखी गाउँपालिकाबासीहरुलाई नेपालको संविधान, २०७२ को धारा ३५ मा व्यवस्था भए बमोजिम आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्राप्त गर्ने नैसर्गिक अधिकारको प्रत्याभूत गराउँदै स्वस्थ एवं स्वच्छ वातावरणमा वस्न पाउने मौलिकहकको प्रवर्द्धन गर्ने जिम्मेवारी गाउँपालिकाको भएको

हुँदा कोख देखि शोक सम्म ज्वालामूखी सरकार साथै घरदैलोमा जनस्वास्थ्य सेवा भन्ने कार्यक्रमलाई कार्यान्वयनमा ल्याउन साथै सम्पूर्ण ज्वालामूखी गाउँपालिकावासीहरुको स्वास्थ्य अवस्थालाई सुधार गर्नका लागि जीवनशैलीमा सकारात्मक सुधार ल्याउन नमुनाको रुपमा  एक वडा एक स्वास्थ्यकर्मी कार्यक्रम संचालन गर्नको लागि स्पष्ट कार्यविधि आवश्यक भएकोले नेपालको संविधान, २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को क्रंम संख्या ९ र १० को अधिकारहरु कार्यान्वयन गर्न तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम ज्वालामूखी गाउँपालिकाको यो कार्यविधि तयार गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम एक वडा एक स्वास्थ्यकर्मी कार्यक्रम संचालन कार्यविधि, २०७९ रहेको छ।

ख. यो कार्यविधि ज्वालामूखी गाउँकार्यपालिकाको बैठकवाट पास भएपछि कार्यान्वयन हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. एक वडा एक स्वास्थ्यकर्मी भन्नाले यस कार्यविधिमा तोके बमोजिमको कामकाज गर्नका लागि खटिएका स्वास्थ्य प्राविधिकहरु भन्ने सम्झनुपर्छ।

ख. स्वास्थ्य संस्था भन्नाले गाउँपालिका भित्र स्वास्थ्य सेवा प्रवाह गर्ने सम्पूर्ण सरकारी स्वामित्वको संस्था भन्ने सम्झनुपर्छ।

ग. गाउँपालिका भन्नाले ज्वालामूखी गाउँपालिका भन्ने बुझ्नु पर्छ।

घ. कार्यपालिका भन्नाले ज्वालामूखी गाउँकार्यपालिका भन्ने सम्झनु पर्छ।

ङ. स्वास्थ्य शाखा भन्नाले ज्वालामूखी गाउँपालिकामा स्वास्थ्य संस्थाहरुको नियमन, निगरानी तथा अनुगमन साथै सुपरिवेक्षण गर्ने विषयगत शाखा भन्ने वुझ्नु पर्छ।

च. वडा भन्नाले गाउँपालिकाको वडालाई सम्झनु पर्छ।

छ. समिति भन्नाले स्वास्थ्य संस्थामा गठित स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति भन्ने सम्झनु पर्छ।

## परिच्छेद २

## स्वास्थ्यकर्मी छनौट तथा परिचालन सम्वन्धी व्यवस्था

२. **स्वास्थ्यकर्मी छनौटः**

क. न्युनतम योग्यताः

- गाउँपालिका भित्र स्थायी वसोवास गर्ने नेपाली नागरीक हुनुपर्ने।
- नेपाल सरकारवाट मान्यता प्राप्त संस्थावाट स्वास्थ्य विषयमा कम्तिमा प्राविधिक तालिम प्राप्त अ.हे.व./अ.न.मी. साथै हे.अ./स्टाफ नर्स कोर्ष उत्तिर्ण गरि सम्वन्धीत व्यवसायी परिषदमा दर्ता भएको हुनु पर्नेछ।
- १८ वर्ष पूरा भइ ४५ वर्ष ननाघेको हुनु पर्ने।
- अन्य प्रचलित कानूनद्धारा अयोग्य नभएको।
- अनुभवी तथा प्रतिवेदन लेखनमा दख्खल राख्ने व्यक्तिलाइ प्राथमिकता दिइनेछ।

ख. स्वास्थ्यकर्मीहरुको छनौटको लागि छनौट तथा सिफारिस समिति गठन हुनेछ।

ग. स्वास्थ्यकर्मीहरुको परिचालनको मुख्य जिम्मेवारी स्वास्थ्य शाखा, स्वास्थ्य संस्था र स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको हुनेछ।

घ. स्वास्थ्यकर्मी छनौटको प्रक्रिया पदपूर्ती समितिले तोके बमोजिम संक्षिप्त सूची प्रकाशन गरि लिखित, मौखिक वा आवश्यकता बमोजिम प्रयोगात्मक परीक्षा संचालन गरि छनौट गर्ने आवश्यक प्रक्रिया छनौट तथा सिफारिस समितिले गर्नेछ।

३. **छनौट तथा सिफारिस समितिः** यस कार्यविधि बमोजिमको स्वास्थ्यकर्मी छनौटका लागि देहाय बमोजिमको छनौट तथा सिफारिस समिति रहनेछ।

| | | |
|---|---|---|
| क. | प्रमुख प्रशासकीय अधिकृतः | संयोजक |
| ख. | कार्यपालिकाले तोकेको विषय विज्ञ | सदस्य |
| ग. | स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

समिति वाहेक अन्य व्यक्तिलाइ आवश्यकता बमोजिम आमन्त्रण गर्न र परिक्षा संचालन सम्बन्धी विषयमा जिम्मेवारी दिन कुनै बाधा पर्ने छैन।

४. **करार सम्झौताः**

- छनौट भएका स्वास्थ्यकर्मीहरुलाई अनुसूची-१ बमोजिमको कार्य विवरण तयार गरि दिइनेछ। साथै करार अवधि अधिकतम आर्थिक वर्ष शुरु भए देखि अधिकतम् एक वर्षको लागि दिइनेछ।
- यस कार्यविधिमा अनुसूचि-२ बमोजिमको करार सम्झौता दिई काममा खटाउने व्यवस्था मिलाइनेछ।
- कार्य सम्पादन मूल्यांकनको आधारमा म्याद थप गर्ने अधिकार छनौट तथा सिफारिस समितिलाई हुनेछ।
- करार सम्झौता भंग गर्न चाहेमा स्वास्थ्यकर्मीले एक महिना अगाडि नै लिखित जानकारी दिनु पर्नेछ। अन्यथा पछिल्लो एक महिनाको पारिश्रमिक भुक्तानी गरिने छैन।

५. **सेवाको शर्त, पारिश्रमिक तथा सेवा सुविधाः**

- स्वास्थ्यकर्मीले हरेक महिना अनुसूचि-३ बमोजिमको प्रतिवेदन बुझाए पछि मात्र संम्झौतामा उल्लेखित पारिश्रमिक भुक्तानी दिइनेछ।

- स्वास्थ्यकर्मीले विदा स्विकृत नगराई ७ दिन भन्दा बढी समय सम्म कार्यालयमा अनुपस्थित भएमा ७ दिनको पारिश्रमिक कट्टा गरिनेछ।
- अन्य कामकाजको सिलसिलामा स्वास्थ्यकर्मीहरुलाई भ्रमण आदेश स्विकृत गरि खटाउन सकिनेछ। सो वापत नियमानुसार दैनिक भ्रमण भत्ता उपलव्ध गराइनेछ।
- स्वास्थ्यकर्मीलाइ मासिक १ दिनको दरले घर विदा र ६ दिन भैपरी आउने विदा दिने व्यवस्था मिलाइनेछ। वार्षिक रुपमा जम्मा भएको विदा संचित हुने छैन।
- किरिया विदा १५ दिन र सुत्केरी बिदा ९० दिन प्रदान गरिनेछ।चाडपर्व खर्च र पोशाक खर्च सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ।
- यस कार्यविधिमा तोके बमोजिम वाहेकको सुविधा करार सम्झौतामा तोके बमोजिम हुनेछ।

६. **करार सेवाको अन्त्य**ः देहायको अवस्थामा स्वास्थ्यकर्मीको करार सेवा संम्झौता जुनसुकै बखतमा अन्त्य गर्न सक्नेछः

क. तोकिएको कार्यविवरण अनुसार कार्य सम्पादन सन्तोषजनक नभएमा।

ख. शारिरीक अस्वस्थता भइ वा अन्य कुनै कारणले सेवा गर्न असमर्थ भएमा।

ग. आचरण वा पदीय अनुशासन सम्वन्धी कुराहरु उल्लंघन गरेमा।

घ. सेवावाट अलग हुन एक महिना अगावै लिखित जानकारी दिएमा।

७. **आचार संहिता पालना गर्नु पर्ने**ः स्वास्थ्यकर्मी छनौट तथा सिफारिस समितिका पदाधिकारीहरुले आचार संहिता पालना गर्नु पर्नेछ। छनौट भएका स्वास्थ्यकर्मीहरुले समेत कार्यसम्पादन तोकिएको आचार संहिता बमोजिम गर्नु पर्नेछ।

८. **अनुगमन तथा मूल्यांकन प्रक्रिया**ः ज्वालामूखी गाउँकार्यपालिका साथै स्वास्थ्य शाखावाट र स्वास्थ्य संस्थाहरुवाट नियमित रुपमा अनुगमन

तथा मूल्यांकन कार्य गरिनेछ । अनुगमन तथा मूल्यांकन पश्चात देखिएका समस्याहरुको समाधानको लागि गाउँकार्यपालिकामा आवश्यक छलफल नियमित रुपमा गरिनेछ । मासिक रुपमा सम्पादित कार्यक्रमहरुको नियमित रुपमा समिक्षा तथा आगामि महिनको योजना तर्जुमा गरी प्रभावकारी परिचालन गरिनेछ ।

९. **अभिलेख तथा प्रतिवेदनको व्यवस्थाः** यस कार्यविधि बमोजिम संचालित कार्यक्रमको अभिलेखका लागि छुट्टै अभिलेख रजिष्टर तयार गरिनेछ । साथै अभिलेख बमोजिमको प्रतिवेदन नियमित रुपमा गर्नका लागि प्रतिवेदन तोकिएको ढाँचामा स्वास्थ्य शाखाले तयार गरि स्वास्थ्यकर्मीहरुलाई दिइनेछ ।

१०. **उजुरी गर्ने व्यवस्थाः** यस कार्यक्रम सम्वन्धि चित्त नबुझेमा ज्वालामूखी गाउँपालिकामा लिखित तथा मौखिक उजुरी दिन सकिनेछ । यसरी परेको उजुरी उपर आवश्यक छानविन गरी आवश्यकता बमोजिम परिमार्जन गरिनेछ ।

११. **बाधा अडकाउ फुकाउनेः** यस कार्यविधि बमोजिम स्वास्थ्यकर्मी परिचालन सम्वन्धमा कुनै बाधा पर्न गएमा वा थप व्याख्या गर्नुपर्ने भएमा गाउँपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

१२. **ज्वालामूखी गाउँपालिकाले कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ ।**

१३. **बचाउ र लागू नहुनेः**

क. यस कार्यविधिमा लेखिए जति कुरामा सोहि बमोजिम र अन्य विषयहरुको हकमा गाउँपालिकाले निर्णय गरे बमोजिम गाउँपालिकाको विद्यमान कार्यविधि, ऐन र निर्देशिका बमोजिम हुनेछ ।

ख. संविधान, संघीय कानून र प्रादेशिक कानूनसँग बाझिएमा यस कार्यविधिका दफा तथा उपदफाहरु बाँझिएको हदसम्म स्वत निश्क्रिय हुनेछ ।

## अनुसूचि १

### एक वडा एक स्वास्थ्यकर्मीको कार्य विवरण

## अनुसूचि २

### करार सम्झौता

## अनुसूचि ३

### मासिक प्रगति प्रतिवेदन

## अनुसूची ४

### आचार संहिता

**प्रमाणीकरण मितिः २०७९।०५।३०**

**आज्ञाले,**
**सुमन पण्डित**
**प्रमुख प्रशासकीय अधिकृत**